| | | | र वस्तुगत सहायता, सञ्चित कोषबाट भएका खर्च भुक्तानी, पेश्की बाँकी वैंक तथा नगद बाँकी र अन्य सम्पतिहरु जस्ता लेखा टिप्पणीहरुको व्यवस्था गरेको छ । यो वर्ष उपमहानगरपालिकाले उपर्युक्त ढाँचा अनुसारको सम्पूर्ण आर्थिक कारोबार सूत्रमा अभिलेख नभएको अवस्था देखियो । सम्पूर्ण अभिलेख गर्ने व्यवस्था हुनुपर्दछ । | |
| ११ | | | **लक्ष्य/प्रगति स्थितिः**<br><br>आर्थिक कार्याविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७७ को नियम ३५ मा बजेट कार्यान्वयन गर्ने प्रत्येक कार्यालयले अनुसूची २ बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयारी गरी केन्द्रीय निकाय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनु पर्ने र नियम ३६ मा त्रैमासिम प्रगति प्रतिवेदन प्राप्त भएपछि केन्द्रीय निकायले त्यसको भौतिक र वित्तीय पक्षको कार्यालयगत र केन्द्रीय निकायगत समीक्षा गर्नुपर्ने तथा समीक्षा गर्दा प्रगति कम भएको देखिएमा सोको कारण पहिचान गरी सुधारको लागि चाल्नु पर्ने कदम समेत उल्लेख गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले यस वर्ष नियमावलीको व्यवस्था अनुसार सबै कारोबारको भौतिक एवं वित्तिय प्रगति तयार गरेको छैन । अतः पालिकाले वार्षिक लक्ष्य अनुसारको प्रगति हासिल गरे नगरेको बिश्लेषण गर्न सकिएन । | |
| १२ | | | **योजनाको प्राथमिकीरण**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकिकरणका आधारहरू गरिवी निवारण, उत्पानदमुलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दीगो र वातावरणीय संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना प्राथमिकताको आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिका पालिकाले आर्थिक वर्ष २०७८।७९ मा निम्नानुसार ४६८ वडाको लागि वडागत र पालिकास्तरका १७३ गरी कुल ६४१ योजनामा वजेट विनियोजन गरेको छ। | |

| क्र. सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.२० लाखमाथिका योजना सङ्ख्या | रु.५ लाख देखि २०लाख सम्मका योजना सङ्ख्या | रु.५लाख भन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १ | पालिकास्तरीय | १७३ | ५७ | ६८ | ४८ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| | | | २ \| वडा स्तरीय \| ४६८ \| ४ \| १२९ \| ३३५ | |
| १३ | | | **सेवा प्रवाह**<br><br>नेपालको संविधानको अनुसूची ८ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसारका सेवाहरु नगरवासीलाई प्रदान गर्दछ । आफ्नो कार्यक्षेत्र भित्रका नागरिकता सिफारिस, घरबाटो सिफारिस, नाता प्रमाणित, घरबाटो सिफारिस, जन्म, मृत्यु, विवाह दर्ता, बसाई सराई, विद्युत मिटर सिफारिस, निशुल्क सिफारिस लगायत अन्य विभिन्न सेवा प्रवाहको विवरण अभिलेखिकरण अद्यावधिक अभिलेख गरिनु पर्दछ । पालिकाबाट प्रवाहित सेवाहरुको विवरण निम्नानुसार रहेको छ ।<br><br>क्र.सं. \| विवरण \| सेवा प्राप्तिका लागि निवेदन संख्या \| सिफारिस संख्या<br>१ \| नागरिकता सिफारिस \| ३६७४ \| ३६७१<br>२ \| घरबाटो सिफारिस \| २५५९ \| २५५७<br>३ \| नाता प्रमाणित \| १९५७ \| १९५०<br>४ \| जन्म, मृत्यु दर्ता \| ६६६६ \| ६७४८ | |
| १४ | | | **कानून निर्माण**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनु पर्दछ । यस पालिकाले हाल सम्म १३ ऐन, ११ नियमावली, २२ कार्यविधि र ३ निर्देशिकासमेत ४९ वटा कानुन निर्माण गरी कार्यान्वयनमा ल्याएको छ । | |
| १५ | | | **खरिद योजना**<br><br>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६ मा सार्वजनिक निकायले तोकिएको सीमा भन्दा बढी रकमको खरीद गर्दा तोकिए बमोजिम | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | खरिदको गूरूयोजना र वार्षिक खरीद योजना तयार गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद ऐन, २०६३ को दफा ७(३) मा कार्यालयका लागि एक खरिद इकाई गठन गर्नुपर्ने उल्लेख छ । सार्वजनिक खरीद ऐन, र नियमावलीमा तोकिएको सीमा नाघ्न गई खरीद नियम तथा खरिद प्रक्रियामा सबैलाई सहभागी हुने समान अवसर सुनिश्चितता नदेखिएकोले कार्यालयले खरिद व्यवस्थानमा विशेष ध्यान दिनुपर्ने देखिन्छ । परामर्श सेवा र अन्य सेवाको खरिदको गुणस्तर अभिवृद्धि गरी सो सम्वन्धी जिम्मेवारी बहन गराउन ध्यान दिनु पर्दछ । | |
| १६ | | | **जिन्सी लगत र संरक्षण**<br><br>आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४६(२) मा उपनियम १ वमोजिम जिम्मामा रहेका सरकारी सम्पत्तिको हिनामिना नहुने गरी लगत स्रेस्ता सहित त्यसको संरक्षण गर्ने कर्तव्य त्यस्तो सम्पत्ति जिम्मा लिने कर्मचारी र सम्बन्धित कार्यालय प्रमुखको हुने व्यवस्था छ । आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५० मा नियम ४६, ४७ र ४८ बमोजिम लगत खडा गरी राखिएको जिन्सी मालसामान के कस्तो अवस्थामा छन् कार्यालय प्रमुखले एक वर्षमा कम्तीमा एक पटक आफैले निरीक्षण गरी वा त्यस्तो मालसामान जिम्मा लिने कर्मचारीबाहेक अन्य कर्मचारी वा प्राविधिकद्धारा निरीक्षण गर्न लगाई त्यसको प्रतिवेदन लिखित रुपमा लेखी वा लिई राख्ने व्यवस्था गर्नुपर्ने व्यवस्था छ । पालिकाले जिन्सी निरीक्षण प्रतिवेदन तयार गरेको पाइएन । सामानको स्पेशिफिकेशन र सम्पूर्ण विवरण खुलाई आम्दानी बाँध्नु पर्नेमा सो नखुलाई खर्च भएर नजाने जिन्सी खाता व्यवस्थित नभएको र आर्थिक वर्षको अन्त्यमा फाँटवाला र कार्यालय प्रमुखबाट जिन्सी खाता प्रमाणित गरी अद्यावधिक राखेको पाइएन । | |
| १७ | | | **तलबी प्रतिवेदन**<br><br>निजामती सेवा ऐन २०४९, स्वास्थ्य ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ , शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ । पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई पालिकाका चालुतर्फ कर्मचारीको रु.९७३५०५७८ खर्च लेखेको छ । तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ । | |
| १८ | | | **आर्थिक सहायता**<br><br>पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। तर पालिकाले यो | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | वर्ष मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न संघसंस्था र व्यक्तिहरुलाई रु. ११७४५८६ आर्थिक सहायता वितरण गरेको छ । वितरित सहायताको औचित्य पुष्ट्याई गरेको छैन । निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ । | |
| १९ | | | **नगर प्रमुख कोषः**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय-व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। यस पालिकाले यो वर्ष नगर प्रमुख कोषमा चालुतर्फ रु. २५,००,०००.०० र पूँजीगततर्फ रु. ५०,००,०००.०० गरी जम्मा रु. ७५,००,०००.०० अबण्डा बजेट व्यवस्था गरी विभिन्न ३८ वटा योजनामा रु. ७२,४२,०२३.४४ खर्च गरेको छ । बजेट अबण्डामा राखी नगर प्रमुखको तोकआदेशबाट खर्च गर्ने गरेको देखिन्छ । जसले गर्दा बजेटमा मितव्ययीता, वित्तीय अनुशासन र पारदर्शिता कायम भएको छैन । तसर्थ बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउदै कार्यविधि बनाएर मात्र बर्च गर्नुपर्दछ । | |
| २० | | | **खाना तथा विविध खर्च**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा निर्धारित बजेट एवं आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष पालिकाले अतिथि सत्कार चालु शीर्षकबाट खाना तथा विविधतर्फ रु. १२,३९,०८१ खर्च गरेको छ । साथै पालिकाले २० वटै वडाहरुमा समेत विविध खर्च शीर्षकमा विनियोजन गरी खर्च गरेको पाइयो । यस्तो खर्च लेख्दा पुष्ट्याई गर्ने आवश्यक कागजात संलग्न गरी ऐनको पालना गर्दै खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ । | |
| २१ | | | **सवारी साधन मर्मत**<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १३ (५) मा सार्वजनिक निकायले कुनैं मालसामान मर्मत सम्भारको लागत अनुमान तयार गर्न त्यस्तो निकायमा त्यस सम्बन्धी विशेषज्ञ वा दक्ष कर्मचारी भए त्यस्तो कर्मचारीबाट र त्यस्तो कर्मचारी नभए त्यस्तो काम गर्ने व्यक्ति, कम्पनी वा संस्थाबाट लागत अनुमान तयार गराउनु पराउनु पर्ने तथा नियम ९६ मा मालसामान मर्मत गर्न नयाँ सामान खरिद गरेकोमा पुराना पाटपुर्जा उपकरणको प्रतिस्थापन गरीएको कुरा सम्बन्धित प्राविधिकबाट प्रमाणित गराई पुराना सामान जिन्सी दाखिला गर्नुपर्ने व्यवस्था छ । यस वर्ष पालिकाले सवारी साधन मर्मतमा रु. ४१९८०५४ खर्च लेखेको छ । सवारी साधन मर्मत गर्दा सम्बन्धित प्राविधिकबाट | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>मर्मतको लागत अनुमान नबनाई आपुर्तिकर्ताको कोटेशनको आधारमा सवारी साधनको मर्मत गर्ने गरेको तथा एउटै फर्मबाट पटक पटक गरी खर्च गरेको पाइयो । यसरी मर्मत कार्य गर्दा खरिद कानुनले तोकेको सीमाभन्दा बढीको मर्मत हुने हुँदा कानुनको पालना नहुने तथा खर्च बढ्ने हुँदा प्राविधिकबाट लागत अनुमान तयार गरी मितव्ययी रुपमा मर्मत कार्य गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>२२</td><td></td><td></td><td>निजी लगानीका विद्यालयको छात्रवृत्ती<br><br>अनिवार्य तथा निशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ को दफा २७ को उपदफा (३) मा प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएतापनि यो ऐन प्रारम्भ भए पछि निजी लगानीका विद्यालय र सार्वजनिक शैक्षिक गुठी अन्तरगत सञ्चालन गरेका सो विद्यालयका विद्यार्थी संख्याको आधारमा विद्यालयले प्रारम्भिक वालविकास कक्षा देखि बाह्र कक्षा सम्मका कूल विद्यार्थी संख्याको देहाय बमोजिम विद्यार्थीलाई निशुल्क शिक्षा प्रदान गर्न स्थान आरक्षण गर्नुपर्ने व्यवस्था छ ।
<table>
<tr><td>विद्यार्थी संख्या</td><td>निशुल्क शिक्षाका लागि आरक्षण संख्या</td></tr>
<tr><td>५०० जना सम्म</td><td>कम्तिमा १० प्रतिशत</td></tr>
<tr><td>५०० जना देखि ८०० जना सम्म</td><td>कम्तिमा १२ प्रतिशत</td></tr>
<tr><td>८०० जना भन्दा बढी</td><td>कम्तिमा १५ प्रतिशत</td></tr>
</table></td><td></td></tr>
<tr><td>२३</td><td></td><td></td><td>सामुदायीक विद्यालयको शैक्षिक गुणस्तर<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (ज) अनुसार सम्बन्धित स्थानीय निकायले सामुदायीक विद्यालयहरुको शैक्षिक गुणस्तर स्थितीको नियमित अनुगमन गरी एक प्रति प्रतिबेदन शिक्षा तथा मानवस्रोत केन्द्रमा पठाउने र सोको कार्यान्यन गरी विद्यालयमा शैक्षिक गुणस्तर सुधार गर्ने व्यवस्था छ । पालिकाले आ.व. २०७८।७९ मा विद्यालयहरुको शैक्षिक गुणस्तरको अनुगमन गरेको प्रतिबेदन कार्यालयसंग देखिएन । नगरपालिकाले आफ्नो अन्तरगतका विद्यालयहरुको शैक्षिक गुणस्तर सुधारतर्फ ध्यान दिनु पर्ने देखिन्छ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २४ | | | **विद्यालयगत निकासा रजिस्टर्ड**<br><br>आर्थिक कार्यविधि नियमावली तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम २७ मा अधिकार प्राप्त अधिकारीले आय व्यय ठीक र विश्वसनिय रहेको तथा दोहोरो हुने गरि भुक्तानी भएको छैन भन्ने कुरामा ध्यान दिनु पर्ने उल्लेख छ । पालिकाले तोकिएको ढाँचामा विभिन्न विद्यालयलाई निकासा दिएको रकमको स्पस्ट विवरण खुल्ने गरी यथार्थ विवरण अभिलेख राख्नु पर्नेमा निकासा अभिलेख राखेको छैन । जसबाट विद्यालयलाई वास्तविक रुपमा निकासा दिनु पर्ने र भुक्तानी दिएकोबारे यथार्थ विवरण प्राप्त गर्न कठिन हुने भएकोले विद्यालयगत निकासा रजिस्टर्ड खाता अद्यावधिक राख्नु पर्दछ । | |
| २५ | | | **विद्यालयको नियमन**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(२) मा सर्वसामान्यतामा असर नपर्ने गरी पालिकाको काम कर्तब्य अधिकारको खण्ड (ज) (२१) मा सामुदायिक बिद्यालयलाई दिने अनुदान तथा सो को बजेट ब्यबस्थापन, बिद्यालयको आय ब्ययको लेखा अनुशासन कायम र नियमन गर्नुपर्ने ब्यबस्था छ । पालिकाले यस स्थानीय तह अन्तर्गतका समुदायिक बिद्यालयले बिद्यालय लेखा दिग्दर्शन बमोजिम नगदी तथा जिन्सीको लेखा राखे नराखेको, कट्टी गरेको कर राजश्व खातामा दाखिला गरे नगरेको, कट्टी गरेको नागरिक लगानी कोष, कर्मचारी सञ्चय कोष सम्बन्धित खातामा दाखिला भए नभएको, विद्यालय लेखापरीक्षणबाट देखिएको बेरुजु फछ्यौट गरे नगरेको र नेपाल सरकारको २०७५।३।३२ को निर्णय बमोजिम बिद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारी पारिश्रमिक सुबिधा अनिबार्य रुपमा बैंक खाता मार्फत भुक्तानी भए नभएको नियमन गरी प्रतिवेदन गरेको देखिएन । | |
| २६ | | | **धरौटी सदरस्याहः**<br><br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६६(२) मा धरौटी फिर्ता लिनको लागि प्रचलित कानुनमा अवधि तोकिएकोमा सोही अवधिभित्र र अवधि नतोकिएकोमा जुन कामको लागि धरौटी राखिएको हो सो काम समाप्त भएको मितिले एक वर्षभित्र धरौटी रकम जम्मा गरेको प्रमाणसहित सम्बन्धित व्यक्तिले धरौटी जम्मा गरेको कार्यलयमा निवेदन दिनुपर्ने, नियम ३७(२) मा एक वर्षसम्म सम्बन्धित व्यक्ति फिर्ता माग्न नआएमा एक वर्ष पुगेपछि त्यस्तो धरौटी रकम फिर्ता लिन आउनु भनी त्यस्तो निकायले पन्ध्र दिनको म्याद दिई कुनै राष्ट्रियस्तरको दैनिक पत्रिकामा सूचना प्रकाशन गर्ने र उक्त म्यादभित्र त्यस्तो धरौटी रकम फिर्ता लिन नआएमा राजस्व खातामा जम्मा गरी हिसाब मिलान गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाको धरौटी स्रेष्ता अनुसार आर्थिक वर्षको अन्त्यमा रु. ३,५२,०७,१३३.३५ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | बाँकी रहेको छ भने बैंक मौज्दात विवरण अनुसार रु. ४,३४,२९,७५२.३५ रहेको छ । पालिकामा रहेको स्रेष्ताभन्दा बैंकमा मौज्दात बढी भएको रकम रु. ८२,२२,६१९.०० लाई कानुनमा भएको व्यवस्था बमोजिम आवश्यक प्रकृया पुर्याई फिर्ता गर्नुपर्ने अन्यथा नियमानुसार राजस्व खातामा जम्मा गरी हिसाब मिलान गर्नुपर्दछ । | |
| २७ | | | **पेश्की बाँकी**<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ मा पेश्की रकमको विवरण तयार गरी म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राखी एकीकृत लगत तयार गर्नु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष ३ कार्यक्रममा रु. २३८६५७८ पेश्की दिएको छ । उक्त पेश्की आर्थिक वर्षको अन्तसम्म म्याद ननाघेतापनि सोको अभिलेख व्यवस्थित गरी फस्योंट गर्नुपर्दछ ।साथै यस आर्थिक वर्षमा देहाय अनुसारको पेश्कीहरु उपलब्ध गराएकोमा वर्षान्त सम्म फछ्यौंट नगरी म्याद समेत समाप्त भएको पेश्की असुल फछ्यौंट हुनुपर्ने रु | ५००,००० |

| शिर्षक | पेश्की लिनेको नाम | म्याद ननाघेको | म्याद नाघेको |
|---|---|---|---|
| तीनकुने सुन्दर वस्ती आयोजनाको पूर्वाधार विकास धरान ८- क्रमागत | शाह-ब्राइट बुल जे.भी. धरान १३ | २४७५००० | ० |
| स्मार्ट बसपार्क निर्माण, धरान-८ - क्रमागत | बिकोइ - गीतान्जली जे भी | १०००००००० | ० |
| तीनकुने सुन्दर वस्ती आयोजनाको पूर्वाधार विकास धरान ८- क्रमागत | शाह-ब्राइट बुल जे.भी. धरान १३ | २४७५००० | ० |
| नौलोपथ पिच सडक निर्माण धरान १५ | सुनसरी गढी कन्स्ट्रक्सन एण्ड कम्पनी प्रा.लि. | ५००००० | ० |
| विभिन्न पार्कहरु निर्माण | एन बि कन्स्ट्रक्सन | ५००००० | ० |
| फुस्रे स्कुल भवन निर्माण धरान, १३ | साह दिपादिल जे.भी | ३७८९००० | ० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>वडा कार्यालय भवन निर्माण</td><td>ए.के कन्स्ट्रक्सन</td><td>0</td><td>५०००००</td></tr>
<tr><td>शहीदमार्ग सडक निर्माण धरान १५ क्रमागत</td><td>नेपाल विद्धुत प्राधिकरण धरान</td><td>३६३७४</td><td>०</td></tr>
<tr><td>जम्मा</td><td></td><td>१९७७५३७४</td><td>५०००००</td></tr>
</table>
<br>
(प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियामा पाथिभरा कन्स्ट्रक्सन इटहरी ५ को रु ९५००० को पेश्की फछ्र्यौट गरेको प्रमाण पेश भएकोले सम्परीक्षण गरिएको ।)
</td><td></td></tr>
<tr><td>२८</td><td></td><td></td><td>आन्तरिक राजस्वतर्फः</td><td></td></tr>
<tr><td>२८.१</td><td></td><td></td><td>आन्तरिक राजस्व व्यवस्थापन प्रणालीः पालिकाले आन्तरिक राजश्व संकलनका लागि सांग्रिला सफ्टवेयरको प्रयोग गरेको छ । उक्त सफ्टवेयरको शीर्षकगत आवधिक आय संकलन विवरण अनुसार पालिकाको आम्दानी असुली रु. २१,४२,६६,१८२.०० भएको देखिन्छ । यससम्बन्धमा देखिएका अन्य व्यहोराहरू देहायबमोजम रहेका छन्-
<ul>
<li>पालिका र अन्तर्गतका वडाहरूले सफ्टवेयरमार्फत संकलन गरेको राजस्व रकम बैंक दाखिला गरी सूत्रमा मात्र आम्दानी बाँधिएको तर उक्त दाखिला विवरणलाई सफ्टवेयरमा प्रविष्टी नगरिएको हुँदा दाखिला रकम शून्य देखाएको ।</li>
<li>पालिका तथा अन्तर्गत वडाले सफ्टवेयरबाट संकलन गरेको राजश्व रकम सोही दिन वा भोलिपल्ट कार्यालय समय खुल्न बितिकै बैंक जम्मा हुने नगरेको ।</li>
<li>पालिकाको राजश्व अभिलेखमा दर्ता भए अनुसार एकिकृत सम्पति कर र व्यावसाय कर नउठ्नुको बारेमा जानकारी राख्दा अभिलेखमा भएका कतिपय करदाताहरूको विवरण सहि नभएको, कतिले व्यवसाय बन्द गरेको र कतिपयले घर बेचबिखन गरेको आदि कारण रहेको जवाफ प्राप्त भएको हुँदा पालिकाले करदाताको तथ्याकं अद्यावधिक नरहेको ।</li>
</ul>
</td><td></td></tr>
<tr><td>२८.२</td><td></td><td></td><td>एकिकृत सम्पत्ति करः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५ मा पालिकाले २०७५ साल साउन १ गतेदेखि आफ्नो अधिकारक्षेत्रभित्र एकिकृत सम्पत्ति कर लनगरन पाउने व्यवस्था रहेको छ । पालिकाको राजस्व व्यवस्थापन प्रणाली (सफ्टवेयर) को प्रतिवेदन अनुसार यस आर्थिक वर्षमा पालिकाभित्र कुल करदाता संख्या ६३१२५ मध्ये एकिकृत सम्पत्ति कर नबुझाउने संख्या ३२११७</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | रहेको छ । पालिकाले यस शीर्षकमा जम्मा कर रु. २,४९,६५,१५०.९८ उठाएको छ भने बाँकी करदाताबाट के कति बक्यौता कर रकम उठ्न बाँकी रहेको प्रतिवेदनमा नखुल्ने हुँदा आगामी दिनमा सफ्टवेयरमा समेत परिमार्जन गर्ने र कर बुझाउन बाँकी सेवाग्राहीहरूसँग समयमा नै कर उठाई आन्तरिक राजस्व बढाउनेतर्फ पालिकाले ध्यान दिनुपर्दछ । | |
| २८.३ | | | **व्यवसाय कर:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो अधिकारक्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोबारको आधारमा व्यवसाय कर लनगरने व्यवस्था रहेको छ । पालिकाको राजस्व व्यवस्थापन प्रणाली (सफ्टवेयर) को प्रतिवेदन अनुसार यस आर्थिक वर्षमा पालिकाभित्र व्यवसाय दर्ता गर्ने कुल व्यवसायीको संख्या ३१८८ रहेकोमा अधिकांश व्यवसायीहरूले तोकिएको समयमा व्यवसाय कर नतिरेको देखिन्छ । पालिकाले यो राजस्व शीर्षकमा जम्मा रकम रु. २,८०,७५,८४५.२५ उठाएको छ भने पालिकाको सफ्टवेयरमा व्यवसाय कर नतिर्ने व्यवसायीहरूको नमूना परीक्षण गर्दा देहायका व्यवसायीहरूले व्यवसाय कर तिर्न बाँकी रहेको देखिन्छ । पालिकाले कर बुझाउन बाँकी सेवाग्राहीहरूसँग समयमा नै कर उठाई आन्तरिक राजस्व बढाउनेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।<br><br>(तालिका तल)<br><br>त्यस्तै, यसरी व्यवसाय कर नतिर्नुको बारेमा बुझ्दा पालिकाको सफ्टवेयरमा पहिचान नखुलेका कतिपय व्यवसायहरुको विवरण समेत रहेको भनी राजस्व महाशाखाबाट प्रतिक्रिया प्राप्त भएको हुँदा वास्तविक व्यवसायीको पहिचान गरी सफ्टवेयरमा समेत विवरण अद्यावधिक गर्नुपर्दछ । | |

| सि. नं. | व्यवसायको विवरण | तिर्न बाँकी रकम रु. |
|---|---|---|
| १ | होटर गजुर प्यालेस | ४४८५० |
| २ | मालिङ्गो धरान रेष्टुरेन्ट | १५२३२ |
| ३ | भिन्टेज लाउन्ज कम्पनी प्रा. लि . | १९५०० |
| ४ | बुढासुब्बा रिसोर्ट | १६७७० |
| जम्मा रु. | | ९६३५२ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२८.४</td><td></td><td></td><td>राजस्व असुलीः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा २७ मा प्रचलित कानुनबमोजिम नेपाल सरकारलाई प्राप्त हुने राजस्व तथा अन्य सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन तथा सोही दिन सम्भव नभए सोको भोलिपल्ट प्रचलित ढाँचामा लेखा राखी बैङ्क दाखिला गर्नुपर्ने व्यवस्था छ । पालिका तथा अन्तर्गतका वडाहरूले आर्थिक वर्षको अन्तिम समय (मिति २०७९।३।२९ देखि ऐ. ३२ सम्म) मा राजस्व रकम रु. ५७,४०,००२.१२ असुली गरेकोमा मिति २०७९।०४।२४ गते मात्र बैंक दाखिला भएको छ । अतः पालिकाले कानुनमा भएको व्यवस्था अनुसार तोकिएको समयमा राजस्व दाखिला गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>२८.५</td><td></td><td></td><td>राजस्व रकम फिर्ताः पालिका र पाथिभरा निर्माण सेवा, इटहरी १६, सुनसरीबीच मिति २०७८।१२।०९ गते भएको सम्झौता अनुसार सर्दु खोला, धरान १७ को रेल्वे नाका र मंगलबारे नाकाको नदिजन्द पदार्थको परिमाण ६७३०३.३३ घनमिटर उत्खनन् गर्न दिइएको दिने र सोवापत कवोल गरेको रकम रु. २,२५,२८,३२८.०० पालिकालाई अग्रिम दाखिला समेत गरेको देखिन्छ । डिभिजन वन कार्यालयले उक्त उत्खनन् कार्य रोक्नका लागि पत्राचार गरेकोमा मिति २०७९।०१।२६ गतेको कार्यपालिकाको निर्णयानुसार उत्खनन् कार्य रोक्का गर्नुभन्दा अगाडिसम्म भएको उत्खनन् कार्यको परिमाण ३१४६२.८३ भएको प्राविधिक प्रतिवेदनमा उल्लेख रहेको छ । पालिकाले उत्खननका लागि दिएको कुल परिमाणमध्य बाँकी ३५८४०.४७ को राजस्व रकम रु. १,१९,९६,८२८.०० सम्बन्धित ठेकेदारलाई नै फिर्ता गरिएको छ ।</td><td></td></tr>
<tr><td>२८.६</td><td></td><td></td><td>बहाल बिटौरी शुल्कः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५९ मा पालिकाले आफ्नो क्षेत्रभित्र आफूले निर्माण, रेखदेख वा सञ्चालन गरेको हाट, बजार वा पसल वा सरकारी जग्गामा बनेका संरचनाको उपयोग वापत बहाल बिटौरी शुल्क लनगरन पाउने व्यवस्था रहेको छ । पालिकाले यो शीर्षकमा जम्मा रकम रु. ५१,५३,७६९.०० राजस्व उठाएको छ । पालिकाभित्र सपिङ कम्प्लेक्स भवनमा ३३ वटा, बि.पि. सुन्दर बजारमा ३० वटा, पालिका तरकारी बजारको क क्षेत्रमा १४ वटा, ख क्षेत्रमा १६१ वटा र ग क्षेत्रमा ११ वटाहरु रेहेकोमा केहि कोठा तथा स्टलहरू खाली नै रहेका छन् । पालिकासँग भएको सम्झौता अनुसार देहायबमोजिमका व्यक्ति तथा संस्थाहरूबाट बहाल रकम उठ्न बक्यौता रहेको हुँदा सम्बन्धितबाट असूल हुनुपर्ने रु.<br><br>
<table>
<tr><th>सि. नं .</th><th>विवरण</th><th>असुल हुन बाँकी रु.</th><th>कैं.</th></tr>
<tr><td>१</td><td>जिल्ला हुलाक कार्यालय, बहुउद्देश्यीय भवन , कोठा नं . ३</td><td>५२५००</td><td></td></tr>
<tr><td>२</td><td>सबिता तामाङ, शहरी सेवा केन्द्र ( सार्वजनिक शौचालय )</td><td>४९९६००</td><td></td></tr>
<tr><td colspan="2">जम्मा</td><td>५५२१००</td><td></td></tr>
</table></td><td>५५२,१००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>(प्रारम्भिक प्रतिवेदन उपर  प्राप्त प्रतिक्रियामा रु १२९६९ सञ्चित कोषमा दाखिला गरेको प्रमाण पेश भएकोले मिति २०७९।१२।२० को निर्णयानुसार सम्परीक्षण गरिएको ।)</td><td></td></tr>
<tr><td>२८.७</td><td></td><td></td><td>आय ठेक्कामा मूल्य अभिवृद्धि करः मूल्य अभिवृद्धि कर ऐन, २०५२ को १५(३) मा मूल्य अभिवृद्धि कर लाग्ने वस्तुको बिक्री गर्दा मूल्य अभिवृद्धि कर असुल गरी बेदर्तावालाबाट सङ्कलन गरिने राजस्व शीर्षक नं.३३११७ मा दाखिला गर्नुपर्ने व्यवस्था छ । पालिकाले सर्दु खोलाको नदीजन्य पदार्थको आय ठेक्का लगाउँदा असुल गरेको भ्याटसहितको राजस्व रकम रु. १,०५,३१,५००.०० मध्ये मूल्य अभिवृद्धि कर रु. १२,११,६००.०० संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु.</td><td>१,२११,६००</td></tr>
<tr><td>२८.८</td><td></td><td></td><td>मनोरन्ज करः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६४ (१ग) मा प्रदेश र पालिकाको क्षेत्राधिकारभित्र रहेका मनोरन्जन करको दर र संकलन गर्ने तरिका प्रदेशले निर्धारण गर्ने र सोको संकलन पालिकाले गर्ने र यसरी उठेको करलाई बाँडफाँड गरी चालिस प्रतिशत रकम प्रदेश सञ्चित कोषमा पठाउनु पर्ने व्यवस्था रहेको छ । पालिकाको सूत्रबाट म.ले.फा.नं. २७२ को अनुसूची १४ बाट प्राप्त विवरण अनुसार राजस्व शीर्षक नं. ३३३४२- मनोरन्ज करमा बाँडफाँड हुन बाँकी रकम रु. १३७३९/- बाँकी रहेको देखिन्छ । अतः पालिकाले कानुनमा भएको व्यवस्था बमोजिम उक्त करलाई बाँडफाँड गरी सम्बन्धित कोषमा रकम जम्मा गर्नुपर्दछ ।</td><td>१३,७३९</td></tr>
<tr><td>२९</td><td></td><td></td><td>अनुगमन भत्ता<br><br>प्रदेश नं. १ अन्तर्गत गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ (पहिलो संशोधन) को दफा ३ को उपदफासँग सम्बन्धि अनुसूची १ र दफा ८ को उपदफा १ अनुसार स्थानीय तहका पधादिकारी र सदस्यलाई तोकिएक बमोजिम मासिक सुविधा उपलब्ध गराउने व्यवस्था छ । जसमा पालिकामा मासिक अनुगमन भत्ता भुक्तानी गर्दा मासिक रुपमा अनुगमन प्रतिवेदन तयार गरी पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाले यष वर्ष पदाधिकारीहरुलाई अनुगमन भत्ता रु. १५६०००० खर्च लेखेकोमा मासिक अनुगमन प्रतिवेदन तयार गरेको पाइएन । साथै देहायका पदाधिकारीलाई मासिक रुपमा अनुगमन भत्ता भुक्तानी भएकोमा पालिकाको विभिन्न योजनाको अनुगमन गरे वापत अनुगमन भत्ता भुक्तानी गरेको पाइएकोले दोहोरो भुक्तानी भएको भत्ता असूल गरी दाखिला गर्नेपर्ने रु.
<table>
<tr><th>भौचर नं</th><th>पदाधिकारीको पद र नाम</th><th>अनुगमन दिन</th><th>भत्ताको दर</th><th>खुद भत्ता भुक्तानी</th></tr>
<tr><td>१८७-</td><td>श्री नरेश कुमार इवारम</td><td>१९</td><td>१०००</td><td>१६१५०</td></tr>
</table></td><td>४८,४५०</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td rowspan="2">०७८/६/११</td><td>श्री विनिता वज्रचार्य</td><td>१९</td><td>१०००</td><td>१६१५०</td></tr>
<tr><td>श्री कल्पना थापा</td><td>१९</td><td>१०००</td><td>१६१५०</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>४८४५०</td></tr>
</table>
<br>
(प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियामा रु ३२३०० सञ्चित कोषमा दाखिला गरेको प्रमाण पेश भएकोले मिति २०७९।१२।२० को निर्णयानुसार सम्परीक्षण गरिएको ।)
</td><td></td></tr>
<tr><td>३०</td><td></td><td></td><td>पदाधिकारीलाई आर्थिक सहायता<br><br>सार्वजनिक निकायले कुनै पनि संस्थालाई अनुदान भुक्तानी गर्दा तोकिएको कार्यविधि तथा नर्म्समा रहेर खर्च गर्नुपर्दछ । साथै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम, ३९(१०) मा सरकारी रकम खर्च गर्दन खर्च पुष्टी गर्ने विल भरपाई तथा प्रमाण कागजात पेश गरी अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराई राखु पर्ने व्यवस्था छ । पालिकाको २०७८।९।१४ को निर्णय अनुसार वडा नं. १ को अध्यक्ष श्री रोशन अधिकारीलाई प्याराग्लाइडिङ्ग दुर्घटनामा परी घाइते भएकोले आर्थिक सहायता रु. १००००० वितरण गरेको छ । आर्थिक सहायता औषधि उपचार खर्चको लागि वितरण भएको उल्लेख भएतापनि निजको अस्पतालमा भर्ना भएको पूर्जी डाक्टरको प्रेस्किप्सन तथा औषधि खर्च सम्बन्धी कागजात पेश नभएको तथा प्याराग्लाइडिङ्ग जस्तो साहासिक खेलमा दुर्घटना परेको अवस्थामा वीमा समेतले औषधि उपचार गर्ने भएकोले निजलाई भुक्तानी दिइएको आर्थिक सहायता नियमसम्मत नदेखिएको रु.</td><td>१००,०००</td></tr>
<tr><td>३१</td><td></td><td></td><td>महंगी भत्ता<br><br>सामान्य प्रशासन मन्त्रालयको चलानी नं २१७ मिति २०७४/०१/२५ मा जारी गरेको परिपत्रमा नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७४/०१/२१ को निर्णयानुसार सबै निकायहरुमा एकरुपता कायम हुने गरी स्वीकृत दरबन्दी भित्र करारमा रहेका व्यक्तिहरुलाई मात्र आर्थिक वर्ष २०७४/०७५ बाट लागु हुने गरी कम्तिमा ६ महिना करार सेवा गरेमा सालबसाली रुपमा एक महिनाको आधारभुत पारिश्रमिक बराबरको चाडपर्व खर्च र सालबसाली रुपमा एक पटक चैत्र महिनामा पोशाक भत्ता मात्र पाउने व्यवस्था गरी करार सम्झौता गर्न हुन निर्देशन गरेको छ । त्यसैगरी अर्थ मन्त्रालयको २०७९।१।१५ को परिपत्र अनुसार करार कर्मचारीलाई महङ्गी भत्ता नपाउने व्यहोरा जारी</td><td>४,०५६,०००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | गरीएकोमा महानगरपालिकाले कार्यालय अन्तर्गत कार्यरत रहेका करार तर्फका १६९ जना कर्मचारी सँग करार सम्झौतामा उल्लेख गरी महंगी भत्ता वापत यस वर्ष रु. ४०५६०००/- खर्च भुक्तानी गरेको छ । यसरी परिपत्र विपरित करार सम्झौतामा समावेश गरी महंगी भत्ता भुक्तानी दिएको पालिकालाई थप व्ययभार पर्न गएको रु. | |
| ३२ | | | **कर्मचारीको स्तर वृद्धि**<br><br>प्रदेश लोक सेवा आयोग नियमावली, २०७७ को नियम ४१ (१) मा स्थानीय सरकारी सेवाको कर्मचारीको सेवाको शर्त सम्बन्धी कानुनको विषयमा आयोगको परामर्श लिनु पर्ने तथा नियम ४२ मा स्थानीय सरकारी सेवाको पदमा सरुवा वा बढुवा गर्दा उम्मेद्धवारको उपयुक्तताको विषयमा आयोगको परामर्श माग गर्नुपर्ने उल्लेख छ । पालिकाको नगरसभाले मिति २०७७।११।२१ मा निर्णय गरी देहायका ३९ जना कर्मचारीको समायोजन/स्तर वृद्धि गरिएको छ । स्तर वृद्धिको विषयमा प्रदेश लोक सेवा आयोग प्रदेश नं. १ विराटनगरको परामर्श लिनु पर्नेमा नलिएकोले पालिकाले गरेको स्तर वृद्धि अनियमित देखिएको तथा निजहरुलाई भुक्तानी भएको स्तर वृद्धिको तलब भत्ता समेत अनियमित देखिएकोले सम्बन्धितबाट असूल गरी पालिकाको सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु. | १९१,९७६ |

| कर्मचारीको नाम | साविकको पद सेवा समूह | स्तर वृद्धि पछि कायम गरिएको पद सेवा समूह | स्तर वृद्धि अघिको तलब | स्तर वृद्धि पछिको तलब | बढी भुक्तानी (वर्ष भरीको) |
|---|---|---|---|---|---|
| गणेश प्रसाद खतिवडा | अधिकृत सातौं | अधिकृत आठौं | ५०५०२ | ५०८५८ | ४२७२ |
| रमेश कुमार साह | अधिकृत सातौं | अधिकृत आठौं | ४९१७३ | ४९४४५ | ३२६४ |
| राजु पोखरेल | अधिकृत छैटौं | अधिकृत सातौं | ४८१२६ | ४९१७३ | १२५६४ |
| हस्त कुमार राई | अधिकृत छैटौं | अधिकृत सातौं | ४९३९३ | ५०५०२ | १३३०८ |
| भेषराज घिमिरे | अधिकृत छैटौं | अधिकृत सातौं | ४६८५९ | ४७८४४ | ११८२० |
| रामकुमार राई | सहायक पाचौं | अधिकृत छैटौं | ३९२६३ | ३७९९० | ० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| शैलेश शाक्य | सहायक पाचौं | अधिकृत छैटौं | ३८२५६ | ३७९९० | ० |
| नरेश कुमार चौधरी | सहायक पाचौं | अधिकृत छैटौं | ३६२४२ | ३७९९० | २०९७६ |
| इन्द्र बस्नेत | सहायक पाचौं | अधिकृत छैटौं | ४०२७० | ४०५२४ | ३०४८ |
| मदन श्रेष्ठ | सहायक पाचौं | अधिकृत छैटौं | ३७२४९ | ३७९९० | ८८९२ |
| नारायण प्रसाद राई | सहायक पाचौं | अधिकृत छैटौं | ३८२५६ | ३७९९० | ० |
| रन्जु भुजेल | सहायक पाचौं | अधिकृत छैटौं | ३८२५६ | ३७९९० | ० |
| भानुभक्त आचार्य | सहायक पाचौं | अधिकृत छैटौं | ३७२४९ | ३७९९० | ८८९२ |
| मन कुमारी राई | सहायक पाचौं | अधिकृत छैटौं | ३६२४२ | ३७९९० | २०९७६ |
| रमेश राई | सहायक पाचौं | अधिकृत छैटौं | ३६२४२ | ३७९९० | २०९७६ |
| चन्द्रा रेग्मी | सहायक पाचौं | अधिकृत छैटौं | ३६२४२ | ३७९९० | २०९७६ |
| राम पौडेल | सहायक पाचौं | अधिकृत छैटौं | ३६२४२ | ३७९९० | २०९७६ |
| रन्जित कुमार साह | सहायक पाचौं | अधिकृत छैटौं | ३७२४९ | ३७९९० | ८८९२ |
| राज कुमार डंगोल | सहायक चौथो | सहायक पाचौं | ३६२४२ | ३५२३५ | ० |
| तेज प्रसाद पोखरेल | सहायक चौथो | सहायक पाचौं | ३५२८८ | ३४२२८ | ० |
| मेनुका तामाङ्ग | सहायक चौथो | सहायक पाचौं | ३५२८८ | ३४२२८ | ० |
| कन्चन कुमार राई | सहायक चौथो | सहायक पाचौं | ३४३३४ | ३४२२८ | ० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| इन्द्र बहादुर सुब्बा | सहायक तेश्रो | सहायक चौथो | ३१२१९ | ३१४७२ | ३०३६ |
| देवल कुमार राई | सहायक तेश्रो | सहायक चौथो | ३१२१९ | ३१४७२ | ३०३६ |
| धन बहादुर लिम्बु | सहायक तेश्रो | सहायक चौथो | २९६१७ | २९५६४ | ० |
| पुष्पा कुमारी मोते | सहायक तेश्रो | सहायक चौथो | २९६१७ | २९५६४ | ० |
| विजय थापा मगर | सहायक तेश्रो | सहायक चौथो | २९६१७ | २९५६४ | ० |
| विषन गुरुङ्ग | सहायक तेश्रो | सहायक चौथो | २९६१७ | २९५६४ | ० |
| सुरेश मंग्राती | सहायक तेश्रो | सहायक चौथो | २९६१७ | २९५६४ | ० |
| सूर्य प्रसाद अधिकारी | सहायक तेश्रो | सहायक चौथो | ३१२१९ | ३१४७२ | ३०३६ |
| बुद्ध तामाङ्ग | सहायक तेश्रो | सहायक चौथो | ३१२१९ | ३१४७२ | ३०३६ |
| नविन भुजेल | सहायक तेश्रो | सहायक चौथो | २९६१७ | २९५६४ | ० |
| कुमार बुढाथोकी | सहायक तेश्रो | सहायक चौथो | २९६१७ | २९५६४ | ० |
| भोलानाथ महत | सहायक दोस्रो | सहायक तेस्रो | २७२१६ | २७२१४ | ० |
| जम्मा | | | | | १९१९७६ |

*(प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियावाट रु २५९८० सञ्चित कोषमा दाखिला गरेको प्रमाण पेश भएकोले मिति २०७९।१२।२० को निर्णयानुसार सम्परीक्षण गरिएको ।)*

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३३ | | | **कर्मचारी करार**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न पदमा कार्यरत कर्मचारीहरु करारमा राखि रु. ३१७६६२१६ खर्च लेखेको छ ।<br>त्यसैगरी सोही ऐनको दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमा मात्र करारबाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद बाहेक इन्जिनियर, अधिकृत छैटौं १, सव इन्जिनियर २, ल्याव टेक्निसियन १, कम्प्युटर अपरेटर ४, सहायक कम्प्युटर अपरेटर १६, अमिन २, खरिदार १, सव ओ सी १, खेलकुद प्रशिक्षक ३ र विना पद १ गरी जम्मा ३२ करार नियुक्ति गरी बर्षभरीमा रु. १३६६८९२० भुक्तानी गरेको अनियमित देखिएको रु. | १३,६६८,९२० |
| ३४ | | | **यातायात सुविधा भत्ता**<br><br>प्रदेश नं. १ अन्तर्गत गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ (पहिलो संशोधन) को दफा ३ को उपदफासँग सम्बन्धि अनुसूची १ र दफा ८ को उपदफा १ अनुसार स्थानीय तहका पधादिकारी र सदस्यलाई तोकिए बमोजिम मासिक सुविधा उपलब्ध गराउने व्यवस्था छ । सो व्यवस्था अनुसार पालिकाका जनप्रतिनिहरुलाई यातायात भत्ता वापतको रकम मासिक रुपमा सुविधामा नै भुक्तानी गर्ने गरेकोमा देहायका जनप्रतिनिधिहरुले सवारी साधन समेत सुविधा लिएको पाइयो । मासिक रुपमा सुविधाको यातायात भत्ता लिएकोमा सवारी साधन समेत लिँदा दोहोरो सुविधा लिएकको पाइएकोले दोहोरो सुविधाको रकम असुल गरी दाखिला गर्नुपर्ने रु. | ११९,७९० |

| क्र.सं. | पदाधिकारीको नाम | यातायात भत्ता रकम | खुद भुक्तानी |
|---|---|---|---|
| १ | ४ नं वडा अध्यक्ष श्री मान बहादुर लिम्बु (निवर्तमान) | ४९५०० | ४९००५ |
| २ | ४ नं वडा अध्यक्ष श्री धन बहादुर राई (नयाँ निर्वाचित) | ११००० | १०८९० |
| ३ | २० नं वक्षा अध्यक्ष श्री मणिराम राई (निवर्तमान) | ६०५०० | ५९८९५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | जम्मा \| \| ११९७९० | |
| ३५ | | | **इन्धन खर्चको मापदण्ड**<br><br>प्रदेश नं. १ सार्वजनकि खर्चको मापदण्ड कार्यविधि र मितव्ययीता सम्बन्धी निर्देशिका, २०७५ मा सवारी साधनको किसिम, इन्धन खर्च र मर्मत खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड बनाई प्रयोगमा ल्याउनुपर्ने व्यवस्था छ । कार्यालयले यस वर्ष इन्धन (कार्यालय तथा पदाधिकारी प्रयोजन) मा रु. ३६९७६७२ खर्च गरेको छ । साथै पालिकाले २० वटै वडाहरुमा समेत इन्धन खर्च शीर्षकमा विनियोजन गरी इन्धन खर्च लेखेको छ । पदाधिकारी तथा कर्मचारीलाई मासिक रुपमा दिने इन्धनको मापदण्ड तयार गरेको छैन भने सवारी साधन अनुसार वार्षिक इन्धन खर्च र उपयोगको विवरण खुल्ने अभिलेख समेत राखेको पाइएन । इन्धन खर्चलाई मितव्ययी बनाउन इन्धन खर्चको मापदण्ड बनाउने, लग बुक राख्ने र इन्धन प्रयोगको व्यवस्थित अभिलेख राख्ने व्यवस्था गर्नुपर्दछ । | |
| ३६ | | | **पानी, विजुली र टेलिफोनको महसुल भुक्तानी**<br><br>प्रदेश नं. १, सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७५ को दफा २१ को उपदफा २ मा पानी, बिजुली र टेलिफोनको महसुल मिटर रिडिङ्ग पछि तोकिएको समयमा नै भुक्तानी गर्दा रिवेट (छुट) पाउने हकमा यस्तो भुक्तानी समयमा नै गरी जरिवाना नतिर्ने र नियमानुसारको छुट सुविधा लिने । त्यस्तै, उपदफा ३ मा पानी, विजुली र टेलिफोन मितव्ययी ढंगले प्रयोग नगरी विनियोजित बजेटभन्दा बढी खर्च भई बक्यौता रहेमा वा समयमा महसुल नतिरी जरिवाना तिर्नु परेमा कार्यालय प्रमुख र लेखा प्रमुख नै जिम्मेवार हुनेछ भन्ने कानुनी व्यवस्था रहेको छ । पालिकाले पानी, विजुली र टेलिफोनको महसुल भुक्तानी गर्दा रिवेट (छुट) नलिई जरिवानाको रकम समेत भुक्तानी गरेको र अग्रिम (Advance) रकम भुक्तानी गर्ने गरेको पाइएको हुँदा आगामी दिनमा महसुल भुक्तानी गर्दा रिवेट (छुट) लिने गरी गर्नुपर्दछ । | |
| ३७ | | | **वनरक्षक नियुक्ति**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिइने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, | ९२१,६०० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>इलेक्टीसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमा मात्र करारबाट सेवा लिन सकिने व्यवस्था गरेको छ । तर वडा नं १४ ले डिभिजन वन कार्यालयको कार्यक्षेत्र तथा दरबन्दी भित्र पर्ने वन रक्षक पदमा आफैले ४ जनता नियुक्ति गरी मासिक रु १९२०० का दरले जम्मा रु. ९२१६०० खर्च लेखेको देखिन्छ । आफ्नो कार्यक्षेत्र भित्र नपर्ने तथा कानुनले नै स्पष्ट व्यवस्था गरेको पद बाहेको पदमा कर्मचारी नियुक्ति गरी पालिकालाई बढी व्यवभार पारेको अनिमयमित देखिएको रु.</td><td></td></tr>
<tr><td>३८</td><td></td><td></td><td>वडा कार्यालयवाट डि पि आर<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ मा प्रतिस्पर्धालाई सिमित हुने गरी टुक्रे रुपमा खरिद गर्न नसकिने व्यवस्था छ । देहाय अनुसारको वडा कार्यालय भवन डि. पि. आर. भनी वडा कार्यालय आफैले छुट्टा छुटै खर्च लेखी भुक्तानी गरेको देखिन्छ । पालिका आफैले पेकेजिङ गरी प्रतिस्पर्धात्मक रुपमा परामर्श सेवा खरिद गर्नुपर्नेमा वडाहरुमा बजेट विनियोजन गरी टुक्रा गरी खरिद गरेको कार्य अनियमित देखिएको रु.
<table>
<tr><th>सि नं</th><th>भौचर र मिति</th><th>वडा</th><th>काम</th><th>व्यवसायी</th><th>रकम</th></tr>
<tr><td>१</td><td>१६।०७८।११।६</td><td>११</td><td>वडा कार्यालय भवन</td><td>ए आइ इन्जिनियरिङ सोलुसन</td><td>४९००००</td></tr>
<tr><td>२</td><td>१७।०७९।३।२४</td><td>१२</td><td>वडा कार्यालय भवन</td><td>सत्य इन्जिनियरिङ कन्सल्टेन्सी</td><td>४९४७७०</td></tr>
<tr><td colspan="5">जम्मा</td><td>९८४७७०</td></tr>
</table></td><td>९८४,७७०</td></tr>
<tr><td>३९</td><td></td><td></td><td>कर्मचारी तालिम<br><br>........... (प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियावाट रु १५०००० को प्रमाण पेभएको आधारमा मिति २०७९।१२।२४ को निर्णयबाट सम्परीक्षण गरिएको ।)</td><td>०</td></tr>
<tr><td>४०</td><td></td><td></td><td>स्वीकृति बेगर खर्च<br><br>स्थानी सरकार सञ्चालन ऐन २०७४ को दफा मा नगर सभाको स्विकृति बेगर कुनै रकम खर्च गर्न नमिल्ने व्यवस्था छ । नगरसभावाट</td><td>३२७,६९०</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>स्विकृत भएको शिर्षक र कार्यक्रम मात्र कार्यपालिकाले खर्च गर्नुपर्ने हुन्छ ।आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ मा बजेटमा व्यवस्था भएको रकम सम्बन्धित कार्यमा मात्र खर्च गर्नुपर्ने र अन्य प्रयोजनमा खर्च गरेमा सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाउने उल्लेख छ । तर पालिका अन्तर्गतका देहायका वडा कार्यालयबाट योजनाको कन्टेन्जेन्सी वापतको रकम कट्टा गरी नगर सभा तथा कार्यपालिकाको स्विकृति बेगर चालु प्रकृतिको कार्यमा खर्च गरेको देखिन्छ । यसरी स्वीकृत नगराई खर्च लेखेको कन्टेन्जेन्सी रकम अनियमित देखिएको रु
<table>
<tr><th>क. सं .</th><th>वडा नं</th><th>कन्टिन्जेन्सी खर्च</th><th>कैफियत</th></tr>
<tr><td>१</td><td>११</td><td>११६०७४</td><td>१० वटा भौचरबाट खर्च लेखेको</td></tr>
<tr><td>२</td><td>१५</td><td>८४४७२</td><td>३ वटा भौचरबाट खर्च लेखेको</td></tr>
<tr><td>३</td><td>१७</td><td>२२३८५</td><td>२ वटा भौचरबाट खर्च लेखेको</td></tr>
<tr><td>४</td><td>१८</td><td>४२३७३</td><td>६ वटा भौचरबाट खर्च लेखेको</td></tr>
<tr><td>५</td><td>२०</td><td>६२३८६</td><td>१० वटा भौचरबाट खर्च लेखेको</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>३२७६९०</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४१</td><td></td><td></td><td>स्वास्थ्य तर्फः</td><td></td></tr>
<tr><td>४१.१</td><td></td><td></td><td>न्यानो झोला कार्यक्रम- स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०७८।७९ मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शन, २०७८ को दफा १३ (पृष्ठ-१५९) मा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि अस्पतालहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ । पालिकाले गत आर्थिक वर्ष र यस आर्थिक वर्षमा न्यानो झोला खरिद गरेको छैन तर विगत दुई आर्थिक वर्षभन्दा अगाडि खरिद गरी बाँकी रहेको ३६० न्यानो झोला आ.व.२०७७।७८ मा जिम्मेबारी सारी राखेकोमध्ये पालिका अन्तर्गत रहेका १(एक) वटा बर्थिङ सेन्टरमा गत आर्थिक वर्ष ५९ जना र यस आर्थिक वर्ष १८ जना गरी जम्मा ७७ जना प्रसूती</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | भएका आमाहरुलाई बितरण गरी धरान स्वास्थ्य चौकी-वडा नं.१ मा रहेको बर्थिङ्ग सेन्टरमा अझ २८३ थान न्यानो झोला बाँकी रहेको पालिकाबाट उपलब्ध भएको तथ्यांकबाट देखिएको छ । जुन सङ्ख्या दुई/तीन वर्षको प्रसूती दरका आधारमा बढी रहेको देखिन्छ । साथै खरिद भएका त्यस्ता झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण गरेको देखिएन । तसर्थ माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ । लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ । | |
| ४१.२ | | | **औषधि खरिद** - पालिकाकालाई आवश्यक पर्ने औषधि मध्ये पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति , म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र निःशुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तिमा २ वर्ष वाँकी हुनु पर्दछ। त्यसैगरी भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनु पर्दछ । यसवर्ष पालिकाले संघीय शसर्त बजेट उप शीर्षकबाट औषधि र सर्जिकल उपकरण खरिद गर्न सुनसरी उद्योग वाणिज्य संस्था प्रधान कार्यालय, धरानले कायम गरेको दरलाई आधार मानी ५५ प्रकारका औषधि र १५ प्रकारका सर्जिकल सामग्री समेतको रु.३२,००,०००।– लागत अनुमान तयार गरी विद्युतीय बोलपत्रको माध्यमबाट सबैभन्दा कम(४६.७१ प्रतिशत कम) कबोल गर्ने राम लक्ष्मण फार्मेसी(३००८७६८९३)सँग औषधि खरिद गरी रु.१४,९४,८६०।- भुक्तानी दिएको छ ।<br><br>पालिकाले औषधि खरिद गर्दा आवश्यकता पहिचान गरेको छैन भने पुल सिस्टमको आधारमा आपूर्ति समेत गरेको देखिएन । आपूर्ति भएका औषधि तथा औषधिजन्य सामग्रीको बिल ताथा जिन्सी दाखिला प्रतिवेदनमा म्याद सकिने मिति उल्लेख नभएको तथा उल्लेखित सूचना पूर्ण रुपमा रहेको छैन भने औषधिको प्रयोग र मौज्दात समेत यकिन भएन । अतः पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ । | |
| ४१.३ | | | **बिलभरपाई बेगरको खर्चः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायका भौचरबाट गरेको खर्चको | ३००,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | बिलभरपाई नभएको र जोडजम्मा गर्दा नपुग भएको देखिएकोले खर्चको प्रमाण पेश हुनुपर्ने अन्यथा संघीय सञ्चितकोष दाखिला हुनुपर्ने रु. | |

| भौ.नं./मिति | कार्य प्रयोजन | खर्च रकम |
|---|---|---|
| १७२-०७९।२।३० | स्वास्थ्य चौकीहरुको लागि निःशुल्क टिकट दर्ताको भरपाई नभएको | ३००००० |

***(प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियावाट रु १००००० को प्रमाण पेश भएको आधारमा मिति २०७९।१२।२४ को निर्णयबाट रु. १००००० सम्परीक्षण गरिएको ।)***

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
